कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

__________ शाखा

## टिप्पणी र आदेश

२०७९।२।९ गते

मिति .............

विषयः नगर प्रमुखको प्राथमिकताका विषय सम्बन्धमा ।

श्रीमान्

उपरोक्त विषयमा विक्रम सम्बत् २०७१ सालमा कोहलपुर नगरपालिका स्थापना भई संघीय नेपालको ढाँचा अनुरुप स्थानीय सरकारको रुपमा संचालनमा रहेको छ । विसं २०७४ सालमा स्थानीय तहको पहिलो निर्वाचन भएसँगै नगरपालिकाले विकास निर्माण लगायत अग्रगामी परिवर्तनको दिशामा अघि बढ्दै शहरीकरण एवं वस्ती विकासले तीव्रता पाएको नगरपालिकाको रुपमा विकास भएको छ । यसै सन्दर्भमा हालै बैशाख ३० मा सम्पन्न स्थानीय तहको निर्वाचनबाट नयाँ जनप्रतिनिधीहरु नगरपालिकाले प्राप्त गरेको छ। यस अघि संचालनमा रहेका कार्यक्रमको अतिरिक्त नव निर्वाचित जनप्रतिनिधीहरुले जनता समक्ष गरेका प्रतिवद्धताहरु आगामी ५ वर्षभित्रमा पूरा गर्नु अपरिहार्य रहेको छ । अतः नव निर्वाचित प्रमुखज्यूको परामर्श छलफलबाट उठान भएका नगरपालिकाको आगामी ५ वर्षसम्म प्रमुख प्राथमिकतामा रहने गरी निम्नानुसारका विषय निर्णय हुन उपयुक्त देखि पेश गर्दछु ।

निम्नः

१. नगरबासीलाई नगरपालिकाले प्रदान गर्ने सेवाको बारेमा सुसुचित गर्ने, गुनासो ब्यवस्थापन गरी सुशासन कायम गर्ने एवं विपद (दमकल) ब्यवस्थापनमा सहज हुने गरी एक टोल फ्रि (निःशुल्क फोन गर्न सकिने) संचालनमा ल्याउने ।

२. निर्वाचनको बखत कोहलपुर बासी आमाबुवा दाजुभाई एवं दिदि बहिनीहरुसँग गरिएका प्रतिवद्धता पूरा भए/ नभएको जानकारी संचार गर्न एवं विभिन्न विषयहरु संवोधन गर्न प्रत्येक महिना नगर प्रमुख आफै जनता समक्ष उपस्थित हुने र अन्तर्क्रियमा भाग लिने गरी **"सिधा कुरा मेयरसँग"** कार्यक्रम संचालनमा ल्याउने ।

३. यस नगरपालिकामा श्रम शक्ति आवश्यक पर्ने प्रतिष्ठान एवं पटके कार्यको लागि त्यस्तो जनशक्ति उपलब्ध गराउन एवं बेरोजगार (सीप युक्त र सीप नसिकेका) ब्यक्तिहरुलाई रोजगारीमा आवद्ध गर्ने उद्देश्यका साथ एक रोजगार बैंक/श्रम बैंकको स्थापना गर्ने ।

कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

.............................. शाखा

# टिप्पणी र आदेश

मिति :..................

४. नगरपालिका भित्र बसोबास गर्ने अति विपन्न/दलित समुदाय एवं लक्षित वर्गका विद्यार्थीहरुलाई प्राथमिकता दिई उच्च शिक्षा (स्नातक तह) सम्म निःशुल्क अध्ययनको लागि छात्रवृत्ति उपलब्ध गराउन सरकारी विश्वविद्यालयका आंगिक क्याम्पस सँग सहकार्य गरिने ।

५. कोहलपुर नगरपालिकाको सामाजिक, पूर्वाधार विकासका अलावा आर्थिक विकासमा समेत टेवा पुराउने गरी नगरपालिकाको समग्र आर्थिक अवस्था विश्लेषण गरी ६ महिना भित्र प्रतिवेदन तयार गरी सो को आधारमा बजेट, योजना तथा कार्यक्रम तर्जुमा गर्ने ।

६. हाल नेपालमा देखिएको पेट्रोलियम पदार्थको अत्याधिक खपत एवं सोको बढ्दो मुल्यको कारण ब्यापार घाटा र आर्थिक रुपमा देशलाई नोक्सानी भईरहेको साथै पेट्रोलियम पदार्थको दहनबाट प्रदुषण समेत वृद्धि हुने भएको हुँदा सो को न्यूनीकरण गरी स्वदेशमा उत्पादित विद्युतको उच्चतम् प्रयोग गर्न र प्रदुषण न्यून गरी हरित नगर निर्माण गर्ने उद्देश्यका साथ वृक्षारोपण कार्यक्रम एवं नगरपालिका क्षेत्रमा विद्युतीय सवारी साधनको प्रयोग, विद्यूतीय चुल्होको प्रयोग लगायत विद्यूत खपत हुने उद्योग धन्दाहरुलाई प्रर्वधन गर्ने नीति लिने।

७. नगरपालिकामा विभिन्न विषयको अध्ययन अनुसन्धान गरी नगरपालिकालाई सुझाव सल्लाह दिई नीति निर्माणमा टेवा पुर्याई नगरपालिकाको सर्वाङ्गीण विकास गर्ने उद्देश्यले विभिन्न विषयका विज्ञहरु संलग्न भएको एक **विज्ञ समूह** गठन गरी कार्यान्वयनमा ल्याउने ।

पेश गर्ने [signature] २०७८।०२।१८ (योजना अधिकृत)

श्रीमान् प्रमुखज्यू,

उपरोक्त विषय नगरपालिकाको प्राथमिकतामा राखी तत्काल कार्यान्वयनमा लैजान उपयुक्त देखी श्रीमान सँग भएको छलफल/राय परामर्श अनुसार यो टिप्पणी स्वीकृतिको लागि पेश गरेको छु।

[signature]
टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

सदर [signature] २०७८।०२।०८
पूर्ण प्रसाद आचार्य
नगर प्रमुख